NEPAL ECONOMIC FORUM

Alliance for Social Dialogue

संक्षिप्त नीतिगत टिप्पणी - व्यापारिक र औद्योगिक क्षेत्र

# विपद पश्चातको आँकलनः नाकाबन्दी २०७२

अंक ४ - असार २०७३ Volume 4 - June 2016

## पृष्ठभूमि

पछिल्लो एक वर्षभन्दा बढी समयदेखि नेपालको अर्थतन्त्रलाई एकपछि अर्को धेरै चुनौतिहरुले न्याँकेका छन्, जसले गर्दा अर्थतन्त्र कठिन अवस्थाबाट गुज्रिरहेको छ। भुकम्पले झण्डै ९ हजार मानिसको ज्यान लियो भने २२ हजारभन्दा धेरै घाईते भए, जसले अनुमानित ७ अर्ब अमेरिकी डलर बराबरको आर्थिक नोक्सान भयो भने ७ लाख मानिसहरु गरिबीको रेखामुनी धकेलिने अनुमान गरिएको छ। त्यसैगरी, भुकम्पको केही महिनापछि तराई मधेश क्षेत्रमा भएका संविधानसँग सम्बन्धित आन्दोलनहरुको कारण नाकाबन्दीको अवस्था सृजना भयो, जसले नेपालको अर्थतन्त्र र समग्रमा सिंगो समाजमानै ठूलो धक्का दियो।

व्यापार नाकाबन्दी जारी रहेसँगै हाम्रो भूपरिवेष्ठित देशमा अत्यावश्यक आपूर्तिहरु झण्डै ठप्पै भए। नाकाबन्दीको नतिजास्वरुप निम्तिएको इन्धन संकटले अर्थतन्त्रका सबै क्षेत्रहरुमा आफ्नो प्राभाव पार्यो। एकातर्फ अत्यावश्यक आयातहरु जस्तै औषधी तथा इन्धन देशभित्र प्रवेश गर्न दिइएन भने अर्कोतर्फ इन्धनको भयावह संकटले अर्थतन्त्रको उत्पादन, वितरण तथा उपभोग प्रकृयालाई नकारात्मक असर पुर्यायो ।

नाकाबन्दीको तात्कालिन प्रभाव स्पष्ट थियो र मिडियाहरुमा पनि चौतर्फी रुपमा रिपोर्टिंग भयो। नाकाबन्दीले पार्ने दीर्घकालिन प्रभाव धेरै नै जटील र प्रतिकुल हुनसक्छ । त्यसकारण यो अध्ययनले अर्थतन्त्रका महत्वपुर्ण क्षेत्रहरुमा पारेको प्रभावको गहिराई र फैलावट बुझ्ने उदेश्य राखेको छ। नतिजाहरुको आधारमा यो अध्ययनले भविष्यमा अर्थतन्त्रमा पर्न सक्ने यस्तै खालका धक्काहरुको सामना गर्न उपयुक्त हुने उपायहरु समेत सुझाएको छ।

व्यापारिक तथा औद्योगिक क्षेत्र आर्थिक नाकाबन्दीबाट सबैभन्दा बढी असर पुगेका क्षेत्रहरु मध्य एक हो। यो क्षेत्रले व्यहोरेको क्षतिको आँकलन एकदमै ठूलो र तत्कालिन चिन्ताको विषय हो भने अर्कोतर्फ समग्रमा हेर्दा यसले नेपालको अर्थतन्त्र आपूर्ति धक्काहरुको जोखिम र दयनिय निर्भरताको अवस्थामा रहेको देखाउँछ।

## बहुतहगत समस्याहरु

- सीमामा भएको नाकाबन्दीले उपभोग्य सामग्रीहरु, महत्वपूर्ण औद्योगिक कच्चा पदार्थहरु, मेशिनरी र अन्य स्पेयर पार्ट्सहरु बोकेका सयौं ट्रक तथा कन्टेनरहरु भारतीय सीमा क्षेत्रमा रोकिए।
- कोलकत्ता बन्दरगाहमा रोकिएका कच्चा पदार्थ तथा सामानहरुका लागि उद्योगी तथा व्यापारीहरुले थप डिमुरेज शुल्क व्यहोर्नुपर्यो ।
- इन्धनको अभावले उत्पादन प्रकृयालाई नै अवरुद्ध पार्यो । यससँगै वितरण तथा ती सामानहरुको विक्रीलाई पनि असर पुर्यायो ।

देशभित्रका करिब २२ सय ठुला तथा साना उद्योगहरु नाकाबन्दीको समयमा बन्द रहेको सरकारी तथ्यांकले देखाउँछ ।[1] समाचारका अनुसार, केही मुख्य बहुराष्ट्रिय कम्पनीहरु जस्तै युनिलिभर, बोटलर्स नेपाल र सुर्य नेपालहरुले उत्पादन बन्द गरे भने अन्य कम्पनीहरु जस्तै डाबर नेपाल र वरुण बेभरेजेज्हरुले उत्पादनको मात्रा ठूलो संख्यामा घटाएका थिए।

## मजदुरहरुको प्रश्न

अर्थमन्त्रालयले जारी गरेको श्वेतपत्रले यो अवधिमा करिब २ लाख कामदारहरु बेरोजगार भएको अनुमानित तथ्यांक बाहिर ल्याएको छ[2] भने केन्द्रीय तथ्यांक विभाग तथा निजी क्षेत्रले यो आँकडा ४ लाख भएको अनुमान गरेका छन् ।[3] यदि यथार्थ बेरोजगारको संख्या तल्लो अनुमानको नजिक मान्ने हो भने पनि गुमेको जीविकोपार्जन र गुमेको आम्दानीका कारण स्वास्थ, शिक्षा जस्ता घरखर्च धान्न गाह्रो पर्ने परिवारहरुमा पर्ने असर निक्कै ठुलो हुन्छ।

अर्कोतर्फ उद्योगीहरु भने कलकारखानाहरु नाकाबन्दीको समयमा उत्पादन कम भएको वा पुरै रोकिएको अवस्थामा पनि कामदारहरुलाई पुरै ज्याला तिर्नुपर्ने बाध्यता रहेको गुनासो गर्दछन्। यो गुनासो उद्योगी तथा उद्यमीहरुले यो अध्ययन समूहसँगको अन्तरक्रियाका दौरान राखेका हुन्।

## विशाल नोक्सान

रक्सौल–वीरगंज नाकामा अड्किएका कार्गो र कन्टेनरहरु अन्य सीमा नाकाहरुबाट रिरुट गर्न थालेपछि नाकाबन्दीको असर क्रमशः घट्दै गए पनि यो नाकाबाट देशको ठुलो मात्रामा अन्तराष्ट्रिय व्यापार हुने हुँदा उक्त नाका लामो समयसम्म बन्द भएकोले व्यापारलाई ठुलो घाटा पुग्यो।

निजीक्षेत्रको अनुमान अनुसार नाकाबन्दीले दैनिक रु २ अर्ब घाटा भयो[4]। यदी यसलाई सत्य मान्ने हो भने १३५ दिन चलेको नाकाबन्दीको तीन(चौथाइ समय मात्रैलाई आधार मान्दा निजी क्षेत्रले यसको समग्र घाटा रु २०२.५ अर्ब व्यहोरेको छ जुन आर्थिक वर्ष २०७२-७३ को कुल राष्ट्रिय बजेटको झण्डै २५ प्रतिशत हुन आउँछ।

२०७३ पौष मसान्त सम्ममा डिमुरेज र डिटेन्शन बापत थप रु ९.६ अर्ब खर्च भएको समाचारमा रिपोर्ट भएको छ ।[5,6] र यदी सीमाका अन्य नाकाहरुबाट रिरुट सम्भव नभएको भए त्यस्तो खर्च अझ ह्वात्तै बढ्न सक्ने थियो । चित्र १ मा देखाइए जस्तै व्यापारिक र औद्योगिक क्षेत्रले रु २१२.१ देखि २७९.६ अर्ब सम्मको नोक्सान व्यहोर्यो ।

चित्र १: व्यापारिक र औद्योगिक क्षेत्रले नाकाबन्दीका कारण व्यहोर्नुपरेको कुल क्षतिको अनुमान




श्रोत: लेखक

## एकतर्फी घाटा मात्र होइन

सीमाक्षेत्रमा रहेका भारततर्फका बजारहरुले मुख्यतस् नेपाली उपभोक्ताहरुको मागहरुलाई पूर्ति गर्दछन् । सीमाक्षेत्रका भारतीय बजार हरुले समेत नाकाबन्दीको कारण ठुलो धक्का व्यहोरेको देखिन्छ । भारततर्फका निकासीकर्ताहरुले सामानको आवतजावत रोकिएपछि ठुलो मात्रामा आम्दानी गुमाउनु पर्यो ।

सीमावर्ती क्षेत्रका शहरहरु जस्तै रुपैडिया र रक्सौलका व्यापारीहरु सँगको अन्तरक्रियामा के बुझियो भने नाकाबन्दीका कारण भारत तर्फका व्यापारीहरुलाई पनि उत्तिकै वा त्यो भन्दा बढी समस्या पर्यो । यी सीमावर्ती शहर हरुमा झण्डै ७० देखि ८० प्रतिशत ग्राहक नेपाली नै हुन्छन् र नाकाबन्दीले यी शहर हरुको व्यापारमा ठुलो गिरावट ल्यायो ।

## अगाडिको बाटो

सरकारले एउटा आर्थिक पुनरोद्धार कोष बनाउने र आर्थिक बर्षको पहिलो ६ महिनामा नाकाबन्दीको कारणले गर्दा समस्या भोगेका व्यवसायहरुलाई सहुलियत व्याजदरको व्यवस्था मिलाइने घोषणा गरेको थियो । यस्ता खालका उपायहरुको प्रभावकारी कार्यान्वयन औद्योगिक तथा उत्पादनमुलक क्षेत्रमा रहेको स्थायित्व नगुमोस् भन्ने सुनिश्चित गर्नको लागि आवश्यक पर्दछन् ।

व्यवसायिक वातावरणको सुधार गर्न, वैदेशिक लगानी आकर्षित गर्न, बजारमा स्वस्थ प्रतिस्पर्धा सुनिश्चित गर्न र नेपालको तुलनात्मक लाभ पहिल्याई विकास गर्न दोस्रो चरणको आर्थिक सुधारको सुरुवात गर्नु आवश्यक छ । बहुराष्ट्रिय र ठुला कर्पोरेशनहरुलाई नेपालमा उत्पादन तथा सञ्चालन गर्नको लागि आकर्षित गर्नुपर्छ । त्यस्ता कम्पनीहरुसँग भूराजनितिक र अर्थराजनीतिक असहजताहरु समाधान गर्ने क्षमता र स्रोतहरु हुन्छन् र तिनीहरुले देशको व्यवसायिक वातावरणमा स्थायित्व प्रदान गर्ने तत्वको रुपमा काम गर्दछन् ।

उर्जा क्षेत्रको विकास निसन्देह देशको प्रमुख एजेन्डाको रुपमा रहनुपर्छ । उर्जाले नै अर्थतन्त्रको सबै क्षेत्रहरुलाई अगाडी डोहोर्याउँछ । नेपालको औद्योगिकरणको महत्वाकांक्षा तब मात्र व्यवहारमा उतार्न सकिन्छ, जब नेपालले देशभरी कुनै व्यवधान बिना उर्जा आपूर्तिको सुनिश्चितता गर्न सक्छ । उर्जासँगै अन्य पूर्वाधारहरुको विस्तार तथा सुधार गरेर विश्वव्यापी स्तरसम्म पुर्याउन आवश्यक छ ।

विस्तृत प्रतिवेदनको लागि तलका लिंकहरूमा जानुहोस् ।
www.nepaleconomicforum.org
www.asd.org.np

उद्योगहरुले व्यहोरेको क्षति एकदमै ठुलो रह्यो । कलकारखानाहरु कैयौं दिन बन्द रहे । हामीले कालोबजारबाट इन्धन किनेर कलकारखाना चलाउने विकल्प समेत पाएनौं । यदी यो एउटा विकल्प भएको भए पनि क्षति  पूर्ण रुपमा उद्योग बन्द गर्नुपर्दाको जति हुँदैनथ्यो । कालोबजार मार्फत आएको तेलको रसिद प्राप्त हुँदैन र यसको खर्चमा लेखांकन गर्न असम्भव हुन्छ । त्यसमाथि मैले सबै कर्मचारीहरुलाई यस अवधिमा केही उत्पादन नभएता पनि तलब खुवाइ राख्नुपर्यो ।

– एक उद्योगी, काठमाडौं

नाकाबन्दीको कारण रक्सौलमा व्यापार धेरै प्रभावित रह्यो । हाम्रा झण्डै ७० प्रतिशत ग्राहकहरु नेपालबाट आउँछन् र नाकाबन्दीको समयमा त्यही अनुपातमा व्यापारमा गिरावट आयो ।

- घरायसी समान बिक्रेता , रक्सौल (भारत)

विवाहको याममा काठमाडौंजस्ता शहरबाट आउने एउटा समूहले मात्रै औसतमा रु. ३ लाख देखि ५ लाख बराबरको सारी किन्ने गर्दछन् । त्यतिबेलाको नाकाबन्दीले यहाँको व्यापारलाई साह्रै असर गर्यो । नेपाली ग्राहकहरु यहाँको खुद्रा व्यापारको २० प्रतिशत हिस्सा ओगट्छन् । त्यसैले यो घाटा त्यति ठुलो होईन । तर थोक बजारको घाटा यो समयमा धेरै उच्च रह्यो किनकी नेपाली ग्राहकहरु थोक पसलहरुबाट सारीहरु ठुलो मात्रामा खरिद गर्दछन् ।

–रक्सौलका सारी व्यापार

नाकाबन्दीको समयमा स्टिल कम्पनीहरुले धेरै पैसा कमाए । विश्वव्यापी स्टिलको मुल्य सन् २०१५ यता घटेको घट्यै छ र नाकाबन्दीको समयमा पनि यो क्रम जारी रह्यो । नाकाबन्दीको बेलामा आयात रोकिएको कारणले गर्दा यहाँ रहेका कम्पनीहरुले उनीहरुको भण्डारणमा रहेका विलेट र वायर रड प्रयोग गरि तयारी सामग्रीहरु बजारमा पठाउन सके । त्यसैले गर्दा विश्वव्यापी रुपमा स्टिलको मुल्य घट्दा घट्दै पनि उनीहरुले उच्च मुल्य लगाए । नाकाबन्दीले उनीहरुलाई घट्दो स्टिलको मुल्यबाट पैदा भएको जोखिम बचाव गर्ने अवसर दियो ।

–स्टिल कम्पनीको नजिक रहेका एक स्रोत, वीरगंज

1 "White Paper on the Current Economic Situation and Immediate way Forward", Ministry of Finance, November 24, 2015, http://www.mof.gov.np/uploads/document/file/White_papaer_final_20151125100100.pdf
1 Ibid.
3 Rajesh Khanal, "Spiralling out of control", The Kathmandu Post, November 7, 2015, http://kathmandupost.ekantipur.com/news/2015-11-07/spiraling-out-of-control.html
4 Ibid.
5 "NEFFA explores alternatives to minimise losses faced by Nepali traders", The Himalayan Times, January 9, 2016, https://thehimalayantimes.com/business/neffa-explores-alternatives-to-minimise-losses-faced-by-nepali-traders/
6 "FNCCI detention leaves for India", The Himalayan Times, January 19, 2016, http://thehimalayantimes.com/business/fncci-delegation-leaves-for-india/